नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

प्रमुख अस्पताल नर्सिङ्ग प्रशासक

(नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ९ बमोजिम)

| कार्य विवरण | |
|---|---|
| १. पदःप्रमुख अस्पताल नर्सिङ्ग प्रशासक<br>२. सेवाः स्वास्थ्य<br>३. समुहःजनरल नर्सिङ्ग<br>४. तहः एघारौ<br>५.तलब(मासिक) नेपाल सरकारले तोके बमोजिम ।<br>६. काम गर्ने समयः नेपाल सरकारले तोके बमोजिम ।<br>७. कर्मचारीको नामः<br>८. कर्मचारीको संकेत नम्बरः<br>९.सुपरिवेक्षण गर्नु पर्नेः अस्पताल नर्सिङ्ग प्रशासक ,नर्सिङ्ग अधिकृत, स्टाफ नर्स,अ.न.मी., तथा अन्य कर्मचारीहरु | १०.कार्यालयकोठेगानाः.......................प्रदेश, .......................जिल्ला, ...............स्थान, फोन नं................. ।<br>११. आवश्यक शैक्षिक योग्यताः सम्बन्धित ऐन तथा नियमावलिमा उल्लेख भए बमोजिम ।<br>१२. उत्तरदायित्वः प्रमुखःकार्यालय प्रमुख र अन्य माथिल्लो नोकाय। |

**सम्पादन गर्नुपर्ने काम ,कर्तव्य तथा उत्तरदायित्व**

नेपाल स्वास्थ्य सेवा ऐन तथा नियमावलिको अधिनमा रहि नर्सिङ्ग परिषद्को पेशागत आचारसंहिता(कोड अफ इथिक्स) नियमानुसार कार्य गर्ने।

**मुख्य जिम्मेवारी**

केन्द्रिय तथा प्रादेशिक तहका अस्पताल तथा अन्य स्वास्थ्य तथा व्यवस्थापन संरचनामा रहि गुणस्तरीय नर्सिङ्ग सेवा प्रवाह गर्न /गराउन अनुकुल वातावरण सृजना गर्नेर नर्सिङ प्रशासक, व्यवस्थापक, अनुसन्धानकर्ता, परामर्शकर्ताको रुपमा काम गर्ने।

**व्यवस्थापकिय जिम्मेवारी**

१. योजना तर्जुमा

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- स्वास्थ्य संस्था व्यवस्थापनको महत्वपुर्ण सदस्यको रुपमा रहि संस्थाका बार्षिक कार्ययोजना तर्जुमा र कार्यतालिका बनाउन सहभागि हुने।
- स्वास्थ्य सेवा र गुणस्तरीय नर्सिङ्ग सेवा प्रवाह गर्नका लागि नर्सिङ विभागको वार्षिक योजना बनाउने वा बनाउन नर्सिङ प्रमुख लाई सहयोग गर्ने ।
- कार्यरत स्वास्थ्य संस्थामा भएका समस्याहरुलाई ब्यवस्थित रुपमा समाधानका लागि कर्मचारिहरु समेतको संलग्नतामा योजना बनाई कार्यान्वयनका लागि सम्बन्धित निकायमा पेश गर्ने ।
- नर्सिङ्ग कार्य क्षेत्रका विषयमा वार्षिक कार्यक्रमको आधारमा तालिका बनाई कार्यान्वयन गर्ने ।
- कार्यरत संस्थाको नर्सिङ जनशक्तिको र अन्य स्रोत साधनको प्रक्षेपणर व्यवस्थापन गर्ने वा सहयोग गर्ने।
- सेवा विस्तारका लागि आवश्यक नर्सिङ जनशक्तिको र अन्य स्रोत साधनको प्रक्षेपणर व्यवस्थापन गर्ने वा सहयोग गर्ने।

२. वजेट तर्जुमा

- संस्थाको बार्षिक बजेट तर्जुमामा संलग्न भई कार्यक्रम बनाउने ।
- बार्षिक बजेट तर्जुमा गर्दा कार्यलय प्रमुख र अन्य सम्बन्धित निकायसंग समन्वय र सहकार्य गरि कार्यक्रम सहित बजेट सुनिश्चित गर्ने ।
- आवश्यक्ता अनुसार खरिद योजना बनाई कार्यान्वयन गर्ने/गराउने।
- आवश्यक्ता अनुसार सानो नगदि खर्चका लागि रु ५०,०००(पचास हजार सम्म) लागि कार्ययोजना बनाई स्बिकृत गरी कार्यक्रम गर्ने / गराउने।
- नर्सिङ संग सम्बन्धीत कार्यक्रमको आथिर्क अख्तियारि लिइ कार्यक्रम संचालन गर्ने।
- नर्सिङ क्षेत्र संग सम्वन्धित विभिन्न क्रियाकलाप तथा कार्यक्रमका लागी वजेट तर्जुमा गर्ने ।
- आफु कार्यरत कार्यलयको वजेट तर्जुमा गर्न आवश्यक सहयोग समन्वय गर्ने ।

३.क्लिनिकल जिम्मेवारी

- अन्तरंग सेवा वाट प्रदान गरिएको नर्सिङ तथा अन्य सेवाको सुपरिवेक्षण गर्ने/ गराउने ।
- गुणस्तरीय नर्सिङ सेवा प्रदान गर्न कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न साथै CPD को आवश्यकता पहिचान गरी प्राविधिक र आर्थिक प्रस्ताव सहित CPD संचालनको व्यवस्था मिलाउने ।
- नर्सिङ तथा सहयोगी जनशक्तिको सेवा र संख्या सहितको आवश्यकता पहिचान गरी प्रक्षेपण र व्यवस्थापन गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
काठमाडौं

- नर्सिङ सेवाको गुणस्तर अभिबृद्धि गर्न नियमित रुपमा अन्तर विभाग/इकाई, प्रशासन, वार्ड इन्चार्ज र अन्य सम्बन्धित क्षेत्र संग छलफल र अन्तरक्रिया गर्ने ।
- नर्सिङ सेवालाई समयानुकुल विकास गर्न अध्ययन तथा अनुसन्धान गर्ने गराउने।
- नर्सिङ तथा सहयोगी कर्मचारीहरुलाई तोकिएको जिम्मेवारीलाई आवश्यकता अनुसार हेरफेर गर्ने
- आफ्नो मातहतको नर्सिङ तथा सहयोगी कर्मचारीहरुको गुनासोको उचित व्यवस्थापन गर्ने गराउने।
- बहिरंग सेवा वाट प्रदान गरीएको नर्सिङ तथा स्वास्थ्य सेवाको सूपरीवेक्षण गर्ने / गराउने।
- नर्सिङ तथा स्वास्थय सेवाको गुणस्तर अभिबृद्धि गर्न नियमित रुपमा ओ.पि.डी.इन्चार्जहरुसंग छलफल र अन्तरक्रिया गर्ने / गराउने।
- अस्पतालमा उपलब्ध श्रोत र साधनको समुचित परिचालनको व्यवस्था मिलाउने ।
- ओ.पि.डी. र अन्य क्षेत्रमा कार्यरत नर्सिङ्ग कर्मचारीद्धारा गुणस्तरीय नर्सिङ स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक तालिम तथा CPD को व्यवस्था गर्ने / गराउने।
- अस्पतालवाट प्रदान गर्ने शल्यक्रिया सेवा सहज रुपले सन्चालन गर्न आवश्यक नर्सिङ तथा सहयोगी जनशक्तिको व्यवस्थापन गर्ने ।
- शल्यक्रियाका लागी उपलब्ध गरीएको श्रोत तथा साधनको समुचित परिचालनको व्यवस्था गर्ने
- अस्पतालवाट प्रदान गर्ने आकस्मिकसेवा सहज रुपले सन्चालन गर्न आवश्यक नर्सिङ तथा सहयोगी जनशक्तिको व्यवस्थापन गर्ने ।
- आकस्मिक सेवाका लागी उपलब्ध गरीएको श्रोत तथा साधनको समुचित परिचालनको व्यवस्था गर्ने ।
- विपद् व्यवस्थापनमा तयारी र प्रतिर्कायमा सक्रिया भुमिका निर्वाह गर्ने/गराउने।

स्वास्थ्य मन्त्रालय तथा विभागमा

- नर्सिङ तथा सहयोगी जनशक्तिको सेवा र संख्या सहितको आवश्यकता पहिचान गरी प्रक्षेपण र व्यवस्थापन गर्ने ।
- विभिन्न गुणस्तरिय उपचार प्रोटोकल निर्माण गर्ने/गराउने।
- विशिष्टकृत,नर्सिङ्ग तथा अन्य बिधाको बृद्धिविकासको लागि स्वास्थ्य निति , रणनिति, निर्देशिका, मापदण्ड र कार्यबिधि बनाउन सहजीकरण गर्ने र बनाऊने।

अनुगमन,सुपेरिवेक्षण,मुल्याङकन

- अस्पतालको सेवा प्रवाहको अनुगमन, सुपरिवेक्षण र मूल्याङकनगर्ने गराउने ।
- नर्सिङ कर्मचारिहरुको कार्य सम्पादन मूल्याङकन गर्ने र सम्बन्धित निकायमा पेश गर्ने/गराउने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

- कर्मचारीहरुको मूल्याङ्कन पश्चात, प्रशंसा,पुरस्कारको व्यवस्था/सिफारिस गर्नेर आवश्यकता अनुसार परामर्श गर्ने/ गराउने ।
- विरामी र सेवाग्राहीले पाएको सेवाको गुणस्तरको मूल्याङकन गर्ने र सेवाग्राहीको सन्तुष्टी सर्वेक्षण गरि आवस्यक कार्य गर्ने/गराउने।
- संध प्रदेश अन्तरगर्त राखिएको कार्यक्रम र भएको कामहरुको अनुगमन,सुपेरिवेक्षण,मुल्याङकनगर्ने/गराउने।

**अभिलेख तथा प्रतिवेदन**

- आफनो मातहतको कर्मचारीहरुवाट सम्पादन भएको कार्यको प्रगति प्रतिवेदन तयार गरी आवश्यकता अनुरुप उपलब्ध गराउने
- प्रत्येक विरामीलाई प्रदान गरीएको नर्सिङ सेवाको अभिलेख राख्न लगाउने व्यवस्था गर्ने गराउने।
- क्लिनिकल अडिटको प्रतिवेदन राख्न लगाउने।

**प्रशासनिक कार्य**

- नर्सिङ सेवाको लागी आवश्यक पर्ने जनशक्ति प्रक्षेपण तथा व्यवस्थापन मिलाउने ।
- नर्सिङ तथा सहयोगी कर्मचारीहरुलाई नियमित रुपले  काम गर्न मिलाउने तथा आवश्यकता अनुसार विदा उपलब्ध गराउने व्यवस्था गर्ने ।
- आफ्नो मातहतको कर्मचारीहरुलाई कार्यप्रति उत्प्रेरीत गर्न आवश्यकता अनुसार विभिन्न सेवा,सुविधा उपलब्ध गराउन पहल गर्ने ।
- अन्य दैनिक प्रशासनिक कार्यहरु संचालन गर्ने ।

**सूचना,संचार,शिक्षा र परामर्श**

- आफ्नो मातहतको कर्मचारीहरुलाई आवश्यक सूचना समयमानै प्रवाह गर्ने/गराउने ।
- आफ्नो मातहतको कर्मचारीहरु वीच संचार एवम समन्वय कायम गर्न आवश्यकता अनुसार विभिन्न समिति गठन गर्ने/गराउने ।
- विभिन्न शाखाका प्रमुख वा इन्चार्जहरु, संग नियमित रुपमा बैठक संचालन गर्ने/गराउने।
- आवश्यकता अनुसार परामर्श दिने ।

**अनुसन्धान**

- नर्सिङ्ग सेवालाई गुणस्तरीय रप्रमाणमा आधारित बनाउनको लागी नर्सिङ्ग क्षेत्रमा अनुसन्धान गर्ने गराउने र त्यस वाट आएका नँया तथ्यलाई सार्वजनिकरण गरिलागु गर्ने।

**अन्य कार्यहरु**

- सरकारी र अन्य निकाय संग सहकार्य गरि विभिन्न कार्यक्रमहरु गर्ने वा गराउने ।
- कार्यालय / विभागिय प्रमुखको अनुपस्थितिमा निमित्त प्रमुख भै काम गर्ने।